प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

# प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय

कोशी प्रदेश, इनरुवा, सुनसरी

प.सं. २०८१।०८२
च.नं. ८९०

मिति २०८२।०३।२०

विषय : **सहकारी सिद्धान्त पालना रुजु-सूचि तथा सामाजिक परिक्षण ढाँचा जारी गरिएको ।**

**श्री सहकारी संघ/संस्था,**
**कोशी प्रदेश,सबै।**

सहकारी सिद्धान्तको पालना गर्नुको मुख्य कारण भनेको सहकारीको मूल उद्देश्य—सदस्यको हित, पारदर्शिता, सहभागिता र समानताको प्रवर्द्धन गर्नु हो। यसले सहकारीलाई लोकतान्त्रिक, दिगो र विश्वसनीय बनाउँछ। कोशी प्रदेश भित्र रहेका सहकारी संघ/संस्थाहरुको स्वनियमन र प्रभावकारी सञ्चालन एवम् सदस्य केन्द्रीत बनाउन सहकारी मूल्य, मान्यता र सिद्धान्तहरुको पालना गर्नु सबैको कर्तब्य हुन्छ । प्रदेश सहकारी ऐन, २०७६ को दफा ७७ को रजिष्ट्रारको काम, कर्तब्य र अधिकार अन्तर्गत (घ) बमोजिम ***"सहकारी मूल्य मान्यता सिद्धान्त तथा ऐन नियम बमोजिम सञ्चालन भए/नभएको नियमित अनुगमन गर्ने"*** तथा सहकारी संघ/संस्थाले दफा ११५ बमोजिम ***सामाजिक परीक्षण गराउन सक्ने*** व्यवस्था रहेको छ ।

उपर्युक्त सन्दर्भमा १०३ औं अन्तर्राष्ट्रियसहकारी दिवस (July 5, 2025)को अवसरमा स्वनियमाकीय औजारको रुपमा **"सहकारी सिद्धान्त पालना रुजु-सूची (Check List)"** र **"सामाजिक परीक्षण (Social Audit) मूल्याङ्कनका आधारहरु"**को ढाँचा जारी गरिएको व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुलाई जानकारी गराईन्छ ।

हरि बहादुर खत्री
रजिष्ट्रार

# प्राक्कथन

सहकारी संस्था आर्थिक तथा सामाजिक समृद्धिको लागि एक सशक्त माध्यमका रूपमा स्थापित हुँदै आएका छन्। विश्वव्यापी रूपमा स्वीकृत सातवटा सहकारी सिद्धान्तहरूले सहकारी संस्थाको मार्गदर्शन गर्ने आधार तय गरेका छन्।

सहकारी सिद्धान्तहरू व्यवहारमा कसरी लागू गरिएका छन् भन्ने मूल्यांकन गर्नु आजको आवश्यकता र सान्दर्भिक कार्य हो। सहकारी संस्थाहरूले आफ्ना कार्यहरूमा ती सिद्धान्तहरूको पालना गरिरहेका छन् वा छैनन् भन्ने कुराको प्रभावकारी मूल्याङ्कन बिना सहकारीको गुणस्तर सुधार सम्भव हुँदैन। यही आवश्यकतालाई ध्यानमा राखी **"सहकारी सिद्धान्त पालना रुजु सूची विकास"** गरिएको हो।

रुजु सूची (Checklist) एक व्यावहारिक उपकरण हो जसले सहकारी संस्थाहरूले सहकारी सिद्धान्तहरू कति हदसम्म अपनाएका छन् भन्ने कुराको तथ्यपरक मूल्याङ्कन गर्न सहयोग पुऱ्याउँछ। यसले संस्थागत अभ्यासहरूलाई सिद्धान्तसम्मत बनाउन, कमजोरी पहिचान गर्न र सुधारको मार्गनिर्देश गर्न अत्यन्त उपयोगी भूमिका खेल्दछ।यस दस्तावेजमार्फत तयार पारिएको रुजु सूचीले सहकारी संघ/संस्थाहरू, नीति निर्माताहरू, अनुगमन गर्ने निकायहरू तथा सरोकारवालाहरूलाई सहकारी सिद्धान्तको अनुपालना तथा मूल्याङ्कनमा महत्वपूर्ण सहयोग पुऱ्याउने विश्वास लिइएको छ।

यो रुजु सूची तयार पार्ने क्रममा सहकारीको दर्शन, मूल्य, मान्यता र सिद्धान्तहरुको विश्वव्यापी मान्यता, व्यवहारिक प्रयोग र नेपालको सन्दर्भ समेतमा अभियानकर्मी तथा विभिन्न सरोकारवाला निकायहरुको छलफल तथा अन्तरक्रिया, कार्यशाला, स्थलगत अवलोकनका साथै सूचकहरुलाई २४ वटा अब्बल र दोयम सहकारी संस्थाहरु छनोट गरी तथ्याङ्कशास्त्रीय विश्लेषण समेत गरिएको छ ।

**१०३ औं अन्तर्राष्ट्रिय सहकारी दिवस (July 5, 2025)**को अवसरमा सार्वजनिक गरिन लागेको यस रुजु सूचीले सहकारी सिद्धान्तहरूको व्यावहारिक प्रयोगमा सरोकारवालाको ध्यान केन्द्रित गराउने, मूल्याङ्कनलाई संस्थागत बनाउनेतथा सहकारी संस्थाहरूलाई आत्ममूल्याङ्कनको स्पष्ट आधार प्रदान गर्ने विश्वास लिइएको छ।

यो प्रयासले सहकारी आन्दोलनलाई अझ मर्यादित, उत्तरदायी र सिद्धान्त–केन्द्रित बनाउने दिशामा सार्थक योगदान पुऱ्याउनेछ।

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय सुनसरी, इनरुवा कोशी प्रदेश, नेपाल

**हरि बहादुर खत्री**

**रजिष्ट्रार**

रजिष्ट्रार

**प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय कोशी प्रदेश**

**२०८२ आषाढ २० गते शुक्रवार।**

# सहकारी सिद्धान्त पालना रुजु–सूची विकास

## १. सहकारी सिद्धान्त

सहकारी सिद्धान्तहरू वस्तुतः आर्थिक सम्बन्धहरूलाई सामाजिक सम्बन्धहरूमा पुनस्र्थापित गराउने मार्गदर्शक हुन् । आफ्नो व्यवहार र आपसी व्यवहाररूपी दुई विपरीत बक्रहरू (Curves) को समबिन्दु (Equilibrium point) निर्धारकका रूपमा पनि तिनलाई लिन सकिन्छ । आफ्नो परिश्रमविनाको कल्याणमा आत्मसम्मान गुम्दछ । आपसको भलोविनाको परिश्रमको फल फेरि आफूले मात्र खाइने हुन्छ । सहकारी कर्ममा सहभागिताका आर्थिक र सामाजिक दुवैथरी सर्तहरू रहन्छन् (तालिका १) ।

**तालिका १ : प्रकारान्तरमा सहकारी सिद्धान्त**

| सिद्धान्त | आर्थिक सर्त | सामाजिक सर्त |
|---|---|---|
| १.१ स्वैच्छिक तथा खुला सदस्यता | सहकारी सेवाको उपयोग | कृत्रिम छेकबारको अनुपस्थिति |
| १.२ स्वैच्छिक तथा खुला सदस्यता | राजीनामामा अंसधन फिर्ता | स्वावलम्बी भावनापछिको सदस्यता |
| २. सदस्यको लोकतान्त्रिक नियन्त्रण | सहभागिताको वैकल्पिक लागत | सहभागिताका मञ्चको सुगमता |
| ३.१ सदस्यको आर्थिक सहभागिता | पुँजीमा प्रत्येकको योगदान | पुँजीमा प्रतिफलको सीमाङ्कन |
| ३.२ सदस्यको आर्थिक सहभागिता | परिश्रमको आधारमा वितरण | सामाजिक पुँजी सृजना |
| ४.१ स्वायत्तता र स्वतन्त्रता | विकास वित्तमा अनिर्भरता | समान नियमनको माग |
| ४.२ स्वायत्तता र स्वतन्त्रता | साना एकाइको सम्मिलन | आन्तरिक स्वशासनको अभ्यास (सा) |
| ५. शिक्षा, तालिम र सूचना | शैक्षिक प्रयोजनमा विनियोजन | बौद्धिक जगत्को संलग्नता |
| ६. अन्तरसंस्था सहयोग | साझा पहलमा सहभागिता | बजार शक्तिबाट प्रतिरक्षा |
| ७. समुदायप्रतिको सरोकार | सामुदायिक संरक्षणको पुनर्स्थापना | सामुदायिक समस्याको सम्बोधन |

## २. सहकारी जीवन

सामाजिकतामा आधारित ‘आर्थिकता’ — सहकारी जीवनमा समबिन्दु कस्तो हुन्छ त ? अनुपम उदाहरण पर्मपात हो । आर्थिक कृषि कर्ममा पर्मकर्ताहरू छिमेकी हुन्छन् । छिमेकी सम्बन्धमा कृषि श्रम स्थापित भएको हुन्छ ।

त्यसै गरी साहूकार र कृषकबीचको सम्बन्ध भने स्थापित भएको हुँदैन । छिमेकी नै भए पनि साहूकारले ब्याज खोज्छ; भाखामा साउँ–ब्याज भुक्तानी नगरे बेघर पनि गराउँछ । अघि पर्म जाने छिमेकीले पछि जानेसँग थप केही माग्दैन । धेरै गरेको बलियोले थोरै गर्न सकेको कमजोरसँग गुनासो पनि गर्दैन । सहकारीकर्मीहरूले चाहेको र सिद्धान्तहरूले निर्दिष्ट गरेको खासमा साहूकारी व्यवहार पनि पर्मकारीजस्तो होस् भन्ने हो ।

समबिन्दुका लागि जीवनस्तर उन्नत नै हुनुपर्ने पनि हुँदैन । जीवनको जुनसुकै स्तरमा आफ्नो हित गर्दा आपसको हित गर्न सकिन्छ । समबिन्दु कायम हुँदा सामुदायिक जीवनको उन्नयन भने अवश्य हुन्छ ।

### ३. मापन विचार

माथि सहकारी सदस्यहरूको जीवनको कुनै स्तरमा सामाजिक सम्बन्धहरूमा आर्थिक सम्बन्धहरू पुनर्स्थापित हुन सक्तछन् भनियो । त्यसो भए दिइएको सहकारी संस्थाका सदस्यताहरूको आर्थिक जीवन के–कति हदसम्म सामाजिक पनि छ भन्ने थाहा पाउने आधार होला कि नहोला ? सिद्धान्त पालना रुजु सूची (Checklist) को विचार सहकारी विमर्शकै सिलसिलामा प्रकट भयो ।

### ४. विकास मान्यता

रुजु सूचीको विकास गर्दा देहायका मान्यता राखिएका छन् :

(क) सैद्धान्तिक निश्चयहरू सहकारी पहिचानका सर्वोपरि निर्धारक हुन्;

(ख) देशको प्रचलित कानुनका व्यवस्था तात्कालिक समाधानको अभिप्रायबाट पनि निर्देशित हुन सक्ने भएकाले बाझिएको अवस्थामा सर्वमान्य सहकारी अडान नै ग्राह्य हुनुपर्दछ;

(ग) सहकारी सिद्धान्तहरू प्रत्येकको महत्व समान छ;

(घ) निर्धारणमा एकभन्दा बढी आयाम समावेश गरिएका सिद्धान्तहरूमा प्रत्येक आयामको महत्व आफैँमा सिद्धान्तसरह रहन्छ;

(ङ) अन्तर्राष्ट्रिय सहकारी महासङ्घद्वारा भएको अद्यावधिक व्याख्या नै आधिकारिक हो;

(च) आधिकारिक व्याख्या समयान्तरका अभ्यासहरूबाट पनि अभिप्रेरित हुन सक्ने भएकाले साधारणतया सर्वमान्य भए तापनि नित्य नहुन सक्तछ र

(छ) सहकारी आन्दोलनका संस्थापकहरूको चिन्तन जहिलेसुकै ध्यानयोग्य हुन्छ ।

### ५. सूचकहरूको छनौट

तालिका १ मा दिइएका आर्थिक–सामाजिक सर्तहरू प्रत्येकको हकमा पूरा भए, नभएको अवस्थाजनक सूचकहरू पहिल्याउन सकिन्छ । उदाहरणका लागि सदस्यको लोकतान्त्रिक नियन्त्रणमा आर्थिक सर्त सहभागिताको वैकल्पिक लागत मानिएको छ । सदस्यहरूले सहकारी प्रक्रियामा सहभागी हुँदा अन्यथा आफूले कमाउने पारिश्रमिक अथवा अर्को प्रयोजनका लागि रहने समय गुमाउनुपर्दछ । वैकल्पिक रूपमा हुने फाइदा बराबर उपस्थितिबापत सदस्यको योगदान हुन्छ । तदनुसार सहकारी प्रक्रियामा उपस्थिति (सहभागिताबापत गर्नुपर्ने त्यागरूपी आर्थिक योगदानको) सूचक पनि हुन्छ । लोकतान्त्रिक नियन्त्रणको सिद्धान्त प्रचलित हुन सहकारी सदस्यहरू आफ्नो ज्याला वा समयको बेवास्ता गर्न तयार भएर मात्र भने पुग्दैन; उपस्थिति पनि व्यावहारिक अर्थमा अपेक्षा गरिएको हुनुपर्दछ । त्यसकारण सहकारी सदस्यहरूको समाजले सोचेको हुनुपर्ने सर्तका रूपमा सहभागिताको मञ्चको सुगमता मानिएको छ । समुदायमा आधारित संस्थामा प्रतिएकाइ सदस्यता त्यस किसिमको सुगमताको सूचक हुन सक्तछ ।

एवं रीतले अन्य सिद्धान्तका आर्थिक र सामाजिक सर्त पालना सूचकहरू पनि पहिल्याउन सकिन्छ ।

**६. दोहोरो क्रम**

सहकारी सिद्धान्तलाई दुई किसिमले अर्थ्याउन सकिन्छ : सार र सीमाङ्कन । खुला सदस्यताको उदाहरणमा सार सहर्ष स्वागत हो भने सीमाङ्कन सेवा उपयोग । सहकारी सदस्यता जोसुकैका लागि खुला भयो भने फेरि काम लाग्दैन । कारण बेसरोकारवालाहरूको भीडमा पारस्परिकता खल्बलिने हुन्छ । सेवा उपयोगरूपी सीमाङ्कनले खुला सदस्यताको मर्म कायम राख्दछ ।

कुनै सिद्धान्तका हकमा भने सीमाङ्कनको विकल्पमा सुनिश्चितता भन्नु बढ्ता मिल्दो देखिन्छ । सदस्यको आर्थिक सहभागिताको उदाहरणमा परिश्रमको आधारमा वितरण र सामाजिक पुँजी सृजना दुवै अपरिहार्य छन् । प्रत्यक्ष रूपमा स्वावलम्बनको प्रतीक भएकाले परिश्रमको आधारमा वितरणलाई सारवान् मान्ने हो भने सामाजिक पुँजीको सृजनालाई आश्वस्तकारी भन्न सकिन्छ - यद्यपि सहकारिताको उत्तरोत्तर प्रक्रमबाट विचलन हुन नदिने अर्थमा सोलाई सीमाङ्कनकारी नै पनि मान्न नमिल्ने हुँदैन ।

जे होस्, दिइएको सूचकलाई सम्बन्धित सहकारी सर्तको मूल अभिप्रायबोधक भए प्राथमिक र परिपूरक अभिप्रायबोधक भए समायोजक क्रममा राख्न सकिन्छ । प्राथमिक र समायोजक सूचकहरूमा आर्थिक वा सामाजिक जुनसुकै सर्तविशेषका पर्दछन् । खुला सदस्यताकै सूचकहरूमा सामाजिक सर्त — कृत्रिम छेकबारको अनुपस्थिति — प्राथमिक र आर्थिक सर्त — संस्थाको सेवा उपयोग — समायोजक क्रममा रहन्छन् (तालिका २) ।

**तालिका २ : सैद्धान्तिक सर्तका सूचक**

| सि. नं. | सिद्धान्त | सर्त | सूचक | |
|---|---|---|---|---|
| | | | प्राथमिक क्रम | समायोजक क्रम |
| १. | खुला सदस्यता | सहकारी सेवाको उपयोग (आ) | — | सदस्यताको प्रकृतिगत बाहुल्य |
| | | कृत्रिम छेकबारको अनुपस्थिति (सा) | न्यूनतम आवश्यक अंसधन | — |
| २. | स्वैच्छिक सदस्यता | राजीनामामा अंसधन फिर्ता (आ) | — | अंसधन फिर्ता तत्परता |
| | | स्वावलम्बी भावनापछिको सदस्यता (सा) | पूर्वसदस्य सहकारी प्रशिक्षा | — |
| ३. | लोकतान्त्रिक नियन्त्रण | सहभागिताको वैकल्पिक लागत (आ) | साधारण सभाको उपस्थितिदर | — |
| | | सहभागिताका मञ्चको सुगमता (सा) | — | प्रतिएकाइ औसत सदस्यता |
| ४. | आर्थिक सहभागिता | पुँजीमा सदस्यको योगदान (आ) | — | प्राथमिक पुँजी अनुपात |

| | | | | |
|---|---|---|---|---|
| | | पुँजीमा प्रतिफलको सीमाङ्कन (सा) | अंसधनमा प्रचलित लाभांशदर | — |
| ५. | आर्थिक सहभागिता (जगेडा कोष तथा संयुक्त पुँजीको अभिभाज्यतासमेत) | परिश्रमको आधारमा वितरण (आ) | उबारमा संरक्षक लाभांशदर | — |
| | | सामाजिक पुँजी सृजना (सा) | — | संस्थागत पुँजी अनुपात |
| ६. | स्वायत्तता | विकास वित्तमा अनिर्भरता (आ) | विकास वित्त अनुपात | — |
| | | समान नियमनको माग (सा) | — | नियामक प्रतिवेदनको नियमितता |
| ७. | स्वतन्त्रता | साना एकाइको सम्मिलन (आ) | सदस्यतामा समुदायवासीको सामेलीदर | — |
| | | आन्तरिक स्वशासनको अभ्यास (सा) | — | स्वनियामक प्रतिवेदनको नियमितता |
| ८. | सहकारी शिक्षा, सूचना | शैक्षिक प्रयोजनमा विनियोजन (आ) | उबारमा प्रशिक्षा खर्चदर | — |
| | | बौद्धिक जगत्को संलग्नता (सा) | — | सामाजिक परीक्षणको नियमितता |
| ९. | अन्तरसहकारी सहयोग | साझा पहलमा सहभागिता (आ) | अन्तरसंस्था व्यावसायिक कारोबारदर | — |
| | | बजार शक्तिबाट प्रतिरक्षा (सा) | — | मोटामोटी बजार अंसियारी |
| १०. | सामुदायिक सरोकार | सामुदायिक समस्याको सम्बोधन (सा) | उबारमा सामुदायिक खर्चदर | — |
| | | सामुदायिक संरक्षणको पुनस्र्थापना (आ) | — | मोटामोटी सेवा अंसियारी |

## ७. स्तरीकरण विधि

प्राथमिक वा समायोजक सूचकहरू प्रत्येकको मान पाँच गुणात्मक पैमाना (Qualitative scale) मा जनाउन सकिन्छ। विश्लेषण प्रयोजनका लागि प्राथमिक सूचकको पूर्णाङ्क १ र समायोजक सूचकको सोको आधा (अर्थात् ०.५) राख्नु उपयुक्त देखिन्छ। तदनुसार प्राथमिक सूचकको मान पालना अवस्थाअनुसार ०–०.२५–०.५०–०.७५–१ र समायोजक सूचकको मान पालना अवस्थाअनुसार ०–०.१२५–०.२५–०.३७५–०.५ मा कायम हुन्छ।

दिइएको सिद्धान्तको हकमा प्राथमिक सूचकको मानमा समायोजक सूचकको मान जोडेपछि पालना मान निस्किन्छ । अब सातोटै सिद्धान्तहरूको पालना मान (१० प्राथमिक र १० समायोजक सूचक अनुसारको) जोडेर समष्टिगत पालना स्तर जनाउन सकिन्छ । तालिका ३ मा सारांश दिइएको छ ।

**तालिका ३ : सिद्धान्त पालनाको स्तराङ्कन**

| सि. नं. | विवरण | मानको पैमाना | | | | |
|---|---|---|---|---|---|---|
| | | कत्ति छैन | नगण्य छ | केही छ | अलिक छ | जत्ति छ |
| १. | प्राथमिक सूचकको मान | ० | .२५ | .५० | .७५ | १ |
| २. | प्राथमिक सूचकतर्फ जम्मा (१०) | ० | | | | १० |
| ३. | समायोजक सूचकको मान | ० | .१२५ | .२५ | .३७५ | .५० |
| ४. | समायोजक सूचकतर्फ जम्मा (१०) | ० | | | | ५ |
| ५. | सिद्धान्त पालनावस्थाको मान (२ +४) | ० | | | | १५ |
| स्तराङ्कन | | अत्युत्तम | | १२ वा बढी | | |
| | | उत्तम | | ९ देखि १२ भन्दा घटी | | |
| | | मध्यम | | ६ देखि ९ भन्दा घटी | | |
| | | निम्न मध्यम | | ३ देखि ६ भन्दा घटी | | |
| | | निम्न | | ३ भन्दा घटी | | |

## ८. रुजु सूची

रुजु सूची वस्तुतः सूचकअनुसारको मानाङ्कन पत्र हो (तालिका ४) ।

**तालिका ४ : सहकारी सिद्धान्त पालना रुजु सूची**

| सिद्धान्त | सूचक | परिभाषा | मान | | कैफियत |
|---|---|---|---|---|---|
| | | | अवस्था | अंक | |
| १.१. स्वैच्छिक तथा **खुला** सदस्यता | न्यूनतम आवश्यक अंसधन (प्रा) | सदस्यताका लागि अंसधनबापत तिर्नुपर्ने रकम | ☐ रु. ६६८ वा तल | १ | **आधार** : दैनिक र मासिक न्यूनतम ज्यालाको दायरा<br>**सम्पुष्टि** : पछिल्ला ५ जनामा कम अंस रकम<br>**विशेष नियम** : अंसमा अधिमूल्य (Premium) वा सदस्यताको सर्तवापत योगदानमा आधारित कुनै कार्यक्रममा अतिरिक्त रकम लिएकोमा वा अन्यथा दुई दर गरेकोमा स्वतः ० |
| | | | ☐ रु. ६६९—६,२१२ तल | ०.७५ | |
| | | | ☐ रु. ६,२१२—११,७५६ तल | ०.५ | |
| | | | ☐ रु. ११,७५६—१७,३०० तल | ०.२५ | |
| | | | ☐ रु. १७,३०० वा माथि | ० | |
| | सदस्यताको प्रकृतिगत बाहुल्य (समा) | जम्मा सदस्यहरुमा संस्थाको उद्देश्य अनुरुपका सदस्यको अनुपात | ☐ १००% | ०.५ | **उद्देश्य नमिल्दा सदस्य** : बिचौलिया (बेपारी महाजन, साहूकार आदि) र वस्तुविशेषको संस्था (जस्तै– चिया खेती) भए सोसँग असम्बन्धित तथा आर्थिक प्रकृती नखुलेकोमा असम्बन्धित |
| | | | ☐ ५०—१००% तल | ०.३७५ | |
| | | | ☐ २५—५०% तल | ०.२५ | |
| | | | ☐ १—२५% तल | ०.१२५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ☐ ०% | ० | |
| १.१. **स्वैच्छिक** तथा खुला सदस्यता | पूर्वसदस्य सहकारी प्रशिक्षा (प्रा) | सदस्यता लिन चाहने व्यक्तिका लागि संस्था–प्रदत्त सहकारी कक्षाको अनिवार्यता | ☐ अनिवार्य र नियमित व्यवस्था भएको | १ | पूर्वसदस्य शिक्षा : सहकारिता, सहकारी संस्था, सदस्यको काम, कर्तव्य र अधिकार आदि विषयहरूको आधारभूत ज्ञान<br>नियमितता : आवेदकहरूको सङ्ख्या हेरी साता, महिना, चौमासजस्तो कुनै अवधिमा प्रायश: |
| | | | ☐ हाल ऐच्छिक वा अनियमित व्यवस्था रहेकोमा छिटै अनिवार्य र नियमित गर्ने सोच भएको | ०.७५ | |
| | | | ☐ व्यवस्था भएको तर हाल ऐच्छिक वा अनियमित रहेको | ०.५ | |
| | | | ☐ हाल व्यवस्था नभएको तर छिटै गर्ने सोच भने भएको | ०.२५ | |
| | | | ☐ हाल व्यवस्था नभएको र छिटै गर्ने सोच समेत नभएको | ० | |
| | अंसधन फिर्ता तत्परता (समा) | राजीनामा स्वीकृत भएपछि सदस्यले अंसधन फिर्ता पाएको अवधि | ☐ तत्काल | ०.५ | सम्पुष्टि : पछिल्ला ५ जनामा सम्पूर्ण रकम वा लिएको अंसको अङ्कित मूल्यबापत हुने जम्मा रकम मात्र फिर्ता दिएको सबभन्दा घटी अवधि |
| | | | ☐ ७ दिनभित्र | ०.३७५ | |
| | | | ☐ लेखापरीक्षण प्रतिवेदन पारित भएको ३० दिनभित्र | ०.२५ | |
| | | | ☐ लेखापरीक्षण प्रतिवेदन पारित भएको ३० दिनपछि तर हाल फिर्ता | ०.१२५ | |
| | | | ☐ लेखापरीक्षण प्रतिवेदन पारित भएको ३० दिनपछि हालसम्म पनि बाँकी | ० | |
| २.१. **सदस्यको लोकतान्तिक नियन्त्रण** | साधारण सभाको उपस्थितिदर (प्रा) | तत्काल कायम रहेका सदस्यहरूमा पछिल्लोपल्ट डाकिएको साधारण सभामा उपस्थित सदस्यहरूकोअनुपात | ☐ शतप्रतिशत | १ | **विशेष नियम :**<br>प्रतिनिधिमूलक साधारण सभा भएकोमा स्वतः ० |
| | | | ☐ दुई–तिहाइ वा बढी तर शतप्रतिशत घटी | ०.७५ | |
| | | | ☐ बहुमत तर दुई—तिहाइ घटी | ०.५ | |
| | | | ☐ एक–तिहाइ वा बढी तर बहुमत तल | ०.२५ | |
| | | | ☐ एक–तिहाइभन्दा कम | ० | |
| | प्रतिएकाइ औसत सदस्यता (समा) | साधारण सदस्यहरूले नियमित रूपमा बैठक गर्ने गरी पायक–पायकमा निर्धारित एकाइहरूमा सालाखाला पर्ने सदस्य जना | ☐ १०० जनासम्म | ०.५ | **विशेष नियम : एकाइ बैठकको व्यवस्था नै नरहेकोमा स्वतः** ० तर समुदायमा आधारित (बढीमा एक पालिका कार्यक्षेत्र भएका) साना संस्थाको हकमा एकाइ बैठकको व्यवस्था नभए तापनि स्वतः निम्नानुसार :<br>१०० जनासम्म .५०, ५०० जनासम्म .३५७, १००० जनासम्म .२५, २००० जनासम्म .१२५ |
| | | | ☐ १०१ देखि ५०० जनासम्म | ०.३५७ | |
| | | | ☐ ५०१ देखि १००० जनासम्म | ०.२५ | |
| | | | ☐ १००१ देखि २००० जनासम्म | ०.१२५ | |
| | | | ☐ २००० जनाभन्दा बढी | ० | |
| ३.१. **सदस्यको आर्थिक सहभागिता** | अंसधनमा प्रचलित लाभांशदर (प्रा) | पछिल्लोपल्ट वितरण गरिएको लाभांशको अनुपात | ☐ ० बढी ६% तल | १ | अत्यधिक उबार विनियोजन : वैधानिक निर्धारणपछिको रकममा ६०% वा बढी<br>विशेष नियम : विनियममा लाभांशबापत कुनै रकम वितरण नगर्ने प्रावधान राखिएकोमा स्वतः ० |
| | | | ☐ ६—९% तल | ०.७५ | |
| | | | ☐ ९—१२% तल | ०.५ | |
| | | | ☐ १२—१५% तल | ०.२५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ☐ विनियममा नै अधिकतम लाभांश सुनिश्चित गर्न कोषमा अस्वाभाविक बढी उबार विनियोजनको प्रावधान | ० | |
| | प्राथमिक पुँजी अनुपात (समा) | जम्मा पुँजीमा प्राथमिक पुँजीको अनुपात | ☐ १००% | ०.५ | **प्राथमिक पुँजी : असधन + जगेडा कोष + (घाटापूर्ति कोष — सञ्चित घाटा)** **जम्मा पुँजी : प्राथमिक पुँजी + तिर्नुपर्ने ऋण + पुँजीगत अनुदान** |
| | | | ☐ ६५—१००% तल | ०.३७५ | |
| | | | ☐ ५१—६५% तल | ०.२५ | |
| | | | ☐ २५—५०% तल | ०.१२५ | |
| | | | ☐ २५% तल | ० | |
| ३.१. **सदस्यको आर्थिक सहभागिता** (जगेडा कोष तथा संयुक्त सम्पत्तिको अभिभाज्यता समेत) | उबारमा संरक्षक लाभांशदर (प्रा) | पछिल्लोपल्ट कारोबारको आधारमा वितरण गरिएको रकमको अनुपात | ☐ ५ वा बढी % | १ | **विशेष नियम :** कोषमा उबार नै नभएर वितरण नगरेकोमा स्वतः औसत (.५०) |
| | | | ☐ २.५—५% तल | ०.७५ | |
| | | | ☐ १—२.५% तल | ०.५ | |
| | | | ☐ १% तल | ०.२५ | |
| | | | ☐ वितरणयोग्य रकम भए तापनि वितरणमा बेवास्ता | ० | |
| | संस्थागत पुँजी अनुपात (समा) | जम्मा पुँजीमा संस्थागत पुँजीको अनुपात | ☐ ६०% बढी | ०.५ | **संस्थागत पुँजी :** जगेडा कोष + (घाटापूर्ति कोष — सञ्चित घाटा) **जम्मा पुँजी** : प्राथमिक पुँजी + तिर्नुपर्ने ऋण + पुँजीगत अनुदान |
| | | | ☐ ४०—६०% घटी | ०.३७५ | |
| | | | ☐ २०—४०% घटी | ०.२५ | |
| | | | ☐ २०% घटी | ०.१२५ | |
| | | | ☐ ०% वा ऋणात्मक | ० | |
| **४.१. स्वायत्तता र स्वतन्त्रता** | विकास वित्त अनुपात (प्रा) | जम्मा श्रोतमा विकास वित्तको अनुपात | ☐ ०% | १ | **विकास वित्त :** पुँजीगत अनुदान + सहुलियतपूर्ण ऋण + सालबसाली (कम्तीमा ३ वर्षसम्म प्राप्त हुने) प्रशासनिक खर्च अनुदान **जम्मा स्रोत :** विकास वित्त + प्राथमिक पुँजी + तिर्नुपर्ने अन्य ऋण + तिर्नुपर्ने बचत |
| | | | ☐ ३५% तल | ०.७५ | |
| | | | ☐ ३५—५०% तल | ०.५ | |
| | | | ☐ ५०—६५% तल | ०.२५ | |
| | | | ☐ ६५% वा माथि | ० | |
| | नियामक प्रतिवेदनको नियमितता (समा) | पछिल्लो आ.ब.को दाखिलास्तर | ☐ निर्धारित सम्पूर्ण प्रतिवेदन समयमा नै दाखिला | ०.५ | **दाखिला :** निर्धारण गरिएबमोजिम सम्बन्धित आवभरिको मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र नियामकीय सूचना प्रणाली वा नियामकीय निर्देशनमा जनाइएको निकायको प्रणालीमा तत्क्षण पठाउनुपर्ने विवरणहरूको सम्प्रेषण **मितिको मान्यता :** संस्थाबाट हुलाक दर्ता वा प्रणालीमा सम्प्रेषण भएको मिति |
| | | | ☐ निर्धारित सम्पूर्ण प्रतिवेदन दाखिला तर सबै वा केहीको हकमा सामान्य ढिलासुस्ती | ०.३५७ | |
| | | | ☐ निर्धारित सम्पूर्ण प्रतिवेदन दाखिला तर सबै वा केहीको हकमा असामान्य ढिलासुस्ती | ०.२५ | |
| | | | ☐ निर्धारित प्रतिवेदनहरू आंशिक रूपमा मात्र समयभित्र वा नाघी दाखिला | ०.१२५ | |
| | | | ☐ निर्धारित प्रतिवेदनहरू कुनै पनिको दाखिलामा बेवास्ता | ० | |
| **४.२. स्वायत्तता र स्वतन्त्रता** | सदस्यतामा समुदायवासीको सामेलीदर (प्रा) | कार्यक्षेत्रका जम्मा सम्भावित सदस्यहरुमा सदस्यहरुको अनुपात | ☐ ७५% वा बढी | १ | **जम्मा सम्भावित सदस्य :** सदस्य + विनियमबमोजिम सदस्य बन्न योग्य तर अर्को संस्थाको सदस्यता नलिएका सदस्य जम्मा |
| | | | ☐ ५०—७५% तल | ०.७५ | |
| | | | ☐ २५—५०% घटी | ०.५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ☐ २५% घटी | ०.२५ | **सम्पुष्टि :** जम्मा सम्भावित सदस्यहरू र अन्य संस्थाको सदस्यतासम्बन्धी तथ्याङ्कको स्रोत |
| | | | ☐ विधानतः न्यूनतम आवश्यक जना मात्र | ० | |
| | स्वनियामक प्रतिवेदनको नियमितता (समा) | पछिल्लो आ.ब.को दाखिलास्तर | ☐ निर्धारित सम्पूर्ण प्रतिवेदन समयमा नै दाखिला | ०.५ | **दाखिला :** सदस्यताप्राप्त सक्रिय सङ्घ वा सङ्घहरूद्वारा निर्धारण गरिएबमोजिम सम्बन्धित आवभरिको मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र स्वनियामकीय सूचना प्रणालीमा तत्क्षण पठाउनुपर्ने विवरणहरूको सम्प्रेषण<br>**मितिको मान्यता :** संस्थाबाट हुलाक दर्ता वा प्रणालीमा सम्प्रेषण भएको मिति |
| | | | ☐ निर्धारित सम्पूर्ण प्रतिवेदन दाखिला तर सबै वा केहीको हकमा सामान्य ढिलासुस्ती | ०.३५७ | |
| | | | ☐ निर्धारित सम्पूर्ण प्रतिवेदन दाखिला तर सबै वा केहीको हकमा असामान्य ढिलासुस्ती | ०.२५ | |
| | | | ☐ निर्धारित प्रतिवेदनहरू आंशिक रूपमा मात्र समयभित्र वा नाघी दाखिला | ०.१२५ | |
| | | | ☐ निर्धारित प्रतिवेदनहरू कुनै पनिको दाखिलामा बेवास्ता | ० | |
| **५. शिक्षा, तालिम र सूचना** | उबारमा प्रशिक्षा खर्चदर (प्रा) | अघिल्लो आ.ब.को जम्मा उबारमा गत आ.ब.को प्रशिक्षा खर्च अनुपात | ☐ ५% बढी | १ | **विशेष नियम :** उबार नै नभएर खर्च नगरेकोमा स्वतः औसत (.५०) र कोषको रकम शिक्षा–दीक्षा, सूचनाबाहेकको प्रयोजनमा खर्च गरेकोमा स्वतः ० |
| | | | ☐ २.५—५% सम्म | ०.७५ | |
| | | | ☐ १—२.५% सम्म | ०.५ | |
| | | | ☐ १% तल | ०.२५ | |
| | | | ☐ कोषमा रकम भए तापनि उपयोगमा बेवास्ता | ० | |
| | सामाजिक परीक्षणको नियमितता (समा) | सालबसाली रुपमा आयोजित सामाजिक परीक्षण | ☐ कम्तीमा वर्षमा एकपल्ट नियमित रूपमा आयोजना | ०.५ | **नियमित आयोजना : विगत ३ आ.व.हरूमा निरन्तर** |
| | | | ☐ तीन वर्षयता एक वा दुईपल्ट आयोजना | ०.३५७ | |
| | | | ☐ तीन वर्षअगावै कम्तीमा एकपल्ट आयोजना | ०.२५ | |
| | | | ☐ हालसम्म आयोजना नगरिएको तर यसै आवमा कार्यक्रम | ०.१२५ | |
| | | | ☐ हालसम्म आयोजना गरिएको अज्ञात | ० | |
| **६. अन्तर संस्था सहयोग** | अन्तरसंस्था व्यावसायिक कारोबार दर (प्रा) | **गैरवित्तीय संस्था :** जम्मा वार्षिक बजारतर्फी व्यावसायिक खरिद वा बिक्रीमा सहकारी संस्थाहरूसँग गरिएको खरिद वा बिक्रीको अनुपात<br>**वित्तीय संस्था :** जम्मा बाह्य स्रोतमा सहकारी बैङ्क वा सङ्घबाट प्राप्त रकम वा जम्मा बाह्य बचतमा सहकारी बैङ्क | ☐ ३०% बढी | १ | **जम्मा बाह्य स्रोत :** तिर्नुपर्ने ऋण + पुँजीगत अनुदान<br>**जम्मा बाह्य बचत :** वाणिज्य बैङ्क + सहकारी बैङ्क + सङ्घमा जुनसुकै बचतबापत राखिएको रकम<br>**मान :** गैरवित्तीय संस्थाको हकमा बजारतर्फी खरिद वा बिक्री अनुपातमा जुन बढी हुन्छ सो र वित्तीय संस्थाको हकमा पनि स्रोत प्राप्ति वा बचत राखनधरनमा जताको अनुपात बढी हुन्छ सो<br>**विशेष नियम :** सहकारी सङ्घ वा बैङ्कको हकमा उबारमा संरक्षक लाभांशदरकै मान, |
| | | | ☐ २०—३०% घटी | ०.७५ | |
| | | | ☐ १०—२०% घटी | ०.५ | |
| | | | ☐ १०% घटी | ०.२५ | |
| | | | ☐ कारोबार नै नभएको | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वा सङ्घमा रहेको रकमको अनुपात | | | गैरव्यावसायिक सङ्घको हकमा उबारमा प्रशिक्षा खर्चदरकै मान र सेवाविशेषका (बिजुली, अस्पताल आदि) संस्थाको हकमा खरिद–बिक्री वा बचतऋणतर्फको सर्वाधिक मिल्दो कुनै कारोबारको आधार |
| | मोटामोटी बजार अंसियारी (समा) | **गैरवित्तीय संस्था :** मुख्य व्यावसायिक कारोबारमा संस्थाको जम्मा वार्षिक सदस्यतर्फी खरिद वा बिक्री र सोही सेवामा कार्यक्षेत्रभरि भएको अनुमानित खरिद वा बिक्रीको अनुपात<br>**वित्तीय संस्था :** संस्थाले पछिल्लो आवमा सदस्यलाई गरेको ऋण प्रवाहको रकम र कार्यक्षेत्रमा औपचारिक क्षेत्रबाट भएको जम्मा ऋण प्रवाह रकमको अनुपात | ☐ ३०% बढी | ०.५ | **सम्पुष्टि : जम्मा कारोबारको अनुमानित रकमविशेषको तथ्याङ्कको स्रोत** |
| | | | ☐ १५—३०% घटी | ०.३७५ | |
| | | | ☐ १—१५% घटी | ०.२५ | |
| | | | ☐ १% घटी | ०.१२५ | |
| | | | ☐ कारोबार नै नभएको | ० | |
| **७. समुदाय प्रतिको सरोकार** | उबारमा सामुदायिक खर्चदर (प्रा) | अघिल्लो आवको जम्मा उबारमा गत आवमा सामुदायिक विकासमा भएको खर्च अनुपात | ☐ ५% बढी | १ | **विशेष नियम : उबार नै नभएर खर्च नगरेकोमा स्वतः औसत (.५०) र कोषको रकम सामुदायिक विकासबाहेकको प्रयोजनमा खर्च गरेकोमा स्वतः ०** |
| | | | ☐ २.५—५% सम्म | ०.७५ | |
| | | | ☐ १—२.५% सम्म | ०.५ | |
| | | | ☐ १% तल | ०.२५ | |
| | | | ☐ कोषमा रकम भए तापनि उपयोगमा बेवास्ता | ० | |
| | मोटामोटी सेवा अंसियारी (समा) | मुख्य सामुदायिक सेवामा कार्यक्षेत्रभरि पछिल्लो आवमा जम्मा औपचारिक प्रदायकका सेवाग्राहीमा संस्थाका सेवाग्राहीको अनुपात | ☐ २०% बढी | ०.५ | **सामुदायिक सेवा :** अस्पताल, विद्यालय, खानेपानी योजना, सार्वजनिक शौचालय, शिशुस्याहार, अपाङ्गता भएका व्यक्ति वा हिंसाबाट प्रभावित महिला, बालबालिकाको पुनस्थापना र ज्येष्ठ नागरिक आश्रम आदि संरक्षणसम्बन्धी सेवा<br>**औपचारिक प्रदायक :** सरकारी निकाय, गैरसरकारी संस्था र सहकारी संस्थाहरू<br>**सम्पुष्टि :** जम्मा सेवाग्राहीको अनुमानसम्बन्धी तथ्याङ्कको स्रोत |
| | | | ☐ १०—२०% घटी | ०.३७५ | |
| | | | ☐ १—१०% घटी | ०.२५ | |
| | | | ☐ १% घटी | ०.१२५ | |
| | | | ☐ सेवा नै नभएको | ० | |

## ९. मान्यायीकरणका उपाय

सहजै प्रकट अन्तर र सदस्य केन्द्रीयता सूचकाङ्कसँगको सहसम्बन्ध (Correlation) – रुजु सूची मान्यायीकरणका दुइटा सरल उपाय देखिन्छन् ।

नियामक निकाय वा सहकारी सङ्घको अनुगमन अभिलेखीकरणका आधारमा सिद्धान्त पालनामा अब्बल देखिएका १२ र दोयम देखिएका १२ गरी २४ वटा संस्था छानी दुवैका समग्र मानहरू तुलना गरी हेर्न सकिन्छ । त्यसरी हेर्दा अब्बल श्रेणीका संस्थाहरूको औसत मान दोयम श्रेणीका संस्थाहरूको औसत मानभन्दा तथ्याङ्कशास्त्रीय अर्थमा फरक देखिएको खण्डमा रुजु सूची मान्य हुने आधार मिल्नेछ । नमुना छनौट गर्दा यथाशक्य संस्थागत र पालिकागत विविधता भने अपेक्षित छ ।

अर्कोथरी संस्थाहरू छनौटको आधार सदस्य केन्द्रीयता सूचकाङ्क हो । तदनुसार उत्तम, मध्यम र साधारण तीन श्रेणीहरू प्रत्येकबाट ८ ओटा गरी जम्मा २४ ओटा संस्था छानेर उभो वा उँदोहुँदो स्तरीकृत क्रम (Rank order) मा राख्न सकिन्छ । ती संस्थाहरू प्रत्येकको रुजु सूचीअनुसारको मानका आधारमा अर्को स्तरीकृत क्रम कायम गरेर सहसम्बन्ध हेर्दा तथ्याङ्कशास्त्रीय अर्थमा निकटतम (साधारणतया ०.७ वा माथि) देखिएमा सोलाई मान्य हुनाको अर्को आधारका रूपमा लिन सकिनेछ ।

## १०. बहुप्रयोजनीय उपयोगिता

अन्तर्राष्ट्रिय सहकारी महासङ्घको सिउल महासभा (२०२१(ई.) को शीर्षक 'हाम्रो सहकारी पहिचानको गहिऱ्याइ' ( Deepening Our Co-operative Identity) थियो । सहकारी आन्दोलनको प्रभाव पहिचानमा नै भर पर्ने तथ्य विश्वव्यापी रूपमा आत्मसात् गरिएको छ । नेपाली सहकारी क्षेत्रमा हाल देखा परेका समस्याहरूको कारण पनि वस्तुतः पहिचानको अस्पष्टता नै हो ।

सहकारीपनको जगेर्नामा आन्दोलनमा विभिन्न रूपमा सरिक सरोकारवालाहरू सबैका लागि रुजु सूची उपयोगी हुन सक्नेछ । आफ्नो संस्थामा भए, गरेका अभ्यासहरूलाई अझ सिद्धान्तसम्मत गराउने प्रयासमा लागेका अगुवा सहकारीकर्मीहरूले यसका आधारमा कार्यसूची विकास गर्न सक्ने देखिन्छ । सहकारी सङ्घहरूले आ–आफ्ना सदस्य संस्थाहरूको तथा महासङ्घले राष्ट्रियस्तरमा आन्दोलनको सिद्धान्त पालना अवस्था अनुगमन गर्ने सिलसिलामा पनि यो काम लाग्नेछ ।

त्यस्तै, नियामक निकायहरूको नियमन, प्रशिक्षण प्रदायकहरूले प्रशिक्षण र मूल्याङ्कनकर्ताहरूको मूल्याङ्कन प्रयोजनहरूमा पनि यसको उपयोगिता रहनेछ ।

–ooo–